आज मिति २०८२।१२।३० गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | — |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | — |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष वडा नं. १० | — |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | — |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु ।**

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।१२।३० गते, बैठक संख्या:१२ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

**प्रस्ताव नं. १२.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**प्रस्ताव नं. १२.२ असाधारण विदा स्वीकृत सम्बन्धमा,**

**प्रस्ताव नं. १२.३ बाणगङ्गा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पूर्व स्वीकृति सम्बन्धमा,**

**प्रस्ताव नं. १२.४ आय व्यय सम्बन्धमा,**

**प्रस्ताव नं. १२.५ पिपरा अस्पतालको क्यान्टिन निर्माण सम्बन्धमा,**

**प्रस्ताव नं. १२.६ आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,**

**प्रस्ताव नं. १२.७ आ.व.२०८२।०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा,**

**प्रस्ताव नं. १२.८ प्रदेश समपुरक/प्रदेश विशेष योजना सम्बन्धमा,**

**प्रस्ताव नं. १२.९ विविध ।**

CamScanner

**मिति: २०८२।१२।३० गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: १२ का निर्णयहरु**

**प्रस्ताव नं. १२.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १२.१** अघिल्लो कार्यपालिका बैठक मितिः२०८२।११।२६ मा बसेको र उक्त बैठकले नदीजन्य पदार्थको ठेक्का प्रकृयामा किर्ते कागजात पेश गर्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही अगाडी बढाउने, महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी वेरुजु फछर्यौट र सेवा प्रवाहलाई नियमित गर्ने गरी आवश्यक प्रकृया अगाडी बढाईएको, योजना कार्यान्वयनको सिमिक्षा भएको कार्यालयको आम्दानी खर्च सार्वजनिक गरिएको लगाएतका कार्यहरु कार्यान्वयनमा आएकोले उक्त समिक्षा अभिलेख गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १२.२ असाधारण विदा स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १२.२** यस कार्यालयमा सहायक प्रशासकीय अधिकृत पदमा कार्यरत कर्मचारी संकेत नं. २३७९८७ कि बिना खनाल ले हाल छिमेकी देश भारतमा IVF Treatment को लागि उपचार गराईरहेको र अस्तालबाट ५ (पाँच) महिना नियमित जाँचको लागि अस्पतालको सम्पर्कमा रहनुपर्ने र उक्त समय आराम गर्नुपर्ने साथै २३ नोभेम्बर, २०२६ (२०८३ मंसिर, ७ गते) मा प्रसुतीको लागि अनुमानित मिति समेत उपलब्ध गराएकोले मंसिर ७ गते सम्मको असाधारण विदा स्वीकृतिको लागि IVF Treatment सम्बन्धि अस्तालबाट प्राप्त कागजातहरु र विदाको निवेदन (अनुसूची-२५) ई-मेल मार्फत पेश भएको। स्थानीय निजामति सेवा ऐन, २०८२ को दफा ६१ मा कर्मचारीले असाधारण विदा लिनु पर्ने कारण सहित दिएको निवेदन अनुसार मनासिव देखिएमा स्थानीय तहले एक पटकमा १ वर्षमा नबढाई र सेवा अवधि भरमा दुई वर्षमा नबढाई असाधारण विदा दिन सक्ने व्यवस्था रहेको। ऐनको दफा ६४ बमोजिम असाधारण विदा स्वीकृत गर्ने अधिकारी प्रमुख सचिवको हुने भएकोले कार्यपालिका मार्फत मितिः२०८२।१२।१६ देखि २०८३।०८।०७ गते सम्म असाधारण विदा स्वीकृत गरी प्रदेश प्रमुख सचिवज्यू समक्ष असाधारण विदा स्वीकृतिको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १२.३ बाणगङ्गा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पूर्व स्वीकृति सम्बन्धमा,**

**निर्णय नं. १२.३** संस्थाको वर्तमान अवस्था र कार्यप्रणाली विश्लेषण गरी हालको सेवा प्रवाहमा रहेका कमी कमजोरी र समस्याहरू पहिचान गर्दै नगर पालिका र मातहतका सेवा प्रदायक केन्द्रहरुको कार्य विभाजन, अधिकार र जिम्मेवारी स्पष्ट गर्न र सो को लागि मानवस्रोत व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्नुपर्ने भएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५(३) बमोजिम स्थानीय तहले नगर कार्यपालिकाबाट पूर्व स्वीकृत लिनु पर्ने व्यवस्था भए बमोजिम पूर्व स्वीकृत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १२.४ आय व्यय सम्बन्धमा,**

**निर्णय नं. १२.०४** यस बाणगङ्गा नगरपालिकाको चालु आ.व.२०८२।०८३ को २०८२ चैत्र मसान्त सम्म निम्नानुसारको आय व्यय भएकोले सोही अनुसार आय व्यय विवरण सार्वजनिक गरि अभिलेख गर्ने निर्णय गरियो।

| सि.नं. | स्रोत | रकम | प्रतिशत | क्षेत्र | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकारबाट | ४८९८०५९०० | ६८.७८ | चालु खर्च | ४३२८९१६१५ | ५६.५६ |
| २ | प्रदेश सरकारबाट | २११७६७० | ४६.१ | पूजीगत | ११९८७१२५२ | २२.८४ |
| ३ | राजस्व बाँडफाँड | १४९२९२६८० | ५७.२८ | | | |
| ४ | आन्तरीक स्रोत | २०७८१६५०५ | ८९.७५ | | | |
| ५ | जनसहभागिता | २८१२१७७४ | ७०.३ | | | |
| | कूल आम्दानी | ८९६२१२५३० | ६९.४६ | कूल खर्च प्रतिशत | ५५२७६२८६७ | ४२.८४ |

**प्रस्ताव नं. १२.५ पिपरा अस्पतालको क्यान्टिन निर्माण सम्बन्धमा,**

**निर्णय नं. १२.५** पिपरा अस्पतालको हाल रहेको सटर मर्मत तथा सम्भार गरी क्यान्टिन निर्माण गर्ने कार्यको लागि चालु आ.व.२०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको पेज नं. १५८, सि.नं.५३५ मा रहेको निर्मित सार्वजनिक निर्माणको संरचनात्मक तथा पूजिगत खर्च शिर्षकबाट रु. ५ लाख व्यवस्थापन गर्ने सर्व सम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १२.६ आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १२.६** बाणगङ्गा नगरपालिकाको आ.व. २०८३।०८४ को नीति कार्यक्र र बजेट तर्जुमा को सुरुवात गर्नुपर्ने भएकोले सबै वडाहरु र शाखा प्रमुखहरुले नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको कार्यतालिका अनुसार कार्ययोजना तयार गरी अगाडी बढ्ने निर्णय गरियो।

**प्रस्ताव नं. १२.७ आ.व.२०८२।०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १२.७** यस नगरपालिकाको आ.व.२०८२।०८३ को श्रावण देखि फागुन मसान्त सम्म विभिन्न वडा तथा शाखाहरुले सम्पादन गरेका कार्यक्रमहरु को दोस्रो चौमासिक प्रगति समिक्षा तथा चैत्र मसान्त सम्म भए गरेका कामहरुको तेस्रो त्रैमासिक प्रगति समिक्षा सम्पन्न भयो पेश भएका विषय क्षेत्रगत प्रतिवेदनहरुलाई स्वीकृत गरी तेस्रो त्रैमासिक तथा दोस्रो चौमासिक प्रगति समिक्षाको रुपमा अभिलेख गर्ने र सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १२.८ प्रदेश समपुरक/प्रदेश विशेष योजना सम्बन्धमा**

**निर्णय नं. १२.८** लुम्बिनी प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (दोस्रो संशोधन २०८१ समेत) बमोजिम तपसिलका योजनाहरू प्रदेश समपुरक तर्फ र विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (दोस्रो संशोधन २०८१ समेत) बमोजिम तपसिलका योजनाहरू प्रदेश विशेष योजनाको लागि नगरपालिकाबाट व्यहोर्नुपर्ने ५० प्रतिशत लागत सहभागिताको रकम व्यहोर्ने प्रतिबद्धता सहित लुम्बिनी प्रदेश, अर्थ मन्त्रालयमा बजेट व्यवस्थापनको लागि बैशाख १५ गते तोकिएको ढाँचामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**तपसिल:**

| सि.नं. | योजनाको नाम | प्रदेश बजेट | नगरपालिका बजेट | कैफियत |
|---|---|---|---|---|
| **प्रदेश समपुरक तर्फ** | | | | |
| १ | जीतपुर-उप्टहवा-नन्दनगर सडक कालोपत्रे | ३ करोड | ३ करोड | |
| २ | तीनकुने देखि राजापानी जोड्ने अधुरो सडक कालोपत्रे | २ करोड | २ करोड | |
| **प्रदेश विशेष तर्फ** | | | | |
| १ | खानेपानी सेवाबाट वञ्चित विपन्न घर परिवारका लागि खानेपानी व्यवस्थापन | ४० लाख | | |

**प्रस्ताव नं. १२.९ विविध।**

**निर्णय नं. १२.९.१** नयाँ वर्ष २०८३ ले देश तथा विदेशमा रहनुहुने सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू लगायत मानव जीवनमा सुख, शान्ति, समृद्धि, स्वास्थ्य तथा सफलताको नयाँ आयाम सहित देशप्रतिको माया, एकता र सद्भाव अझ प्रगाढ बनोस् भन्ने कामना सहित नयाँ वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२.९.२** सि.नं. ५२४ को क्र.सं.४० मा रहेको संस्थागत सहायता खर्च/संघ संस्था सहयोग खर्च मा रहेको रु.१५ लाख मध्ये बाणगङ्गा नगरपालिकाको फिचर लेखन र प्रकासनको लागि कमन नेपाललाई रु.२ लाख उपलब्ध गराउने निर्णय गरियो।

CamScanner